चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. : ०७६/०७७
च.नं. : ८०८

मिति : २०७६/१२/२३

श्री विषयगत शाखा (सबै),चन्द्रकोट गाउँपालिका।
श्री वडा कार्यालय (सबै), चन्द्रकोट गाउँपालिका।
श्री सम्बन्धित सबै, चन्द्रकोट गाउँपालिका।

COVID-19 सम्बन्धी विषय गाउँ कार्यपालिका बैठक संख्या ४२/०७६ मिति २०७६/१२/२३ को गाउँ कार्यपालिकाका बैठकमा पेश हुँदा चन्द्रकोट गाउँपालिका, गाउँ कार्यपालिकाले देहायबमोजिम निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १३ बमोजिम अनुरोध गरेको छु–

## गाउँ कार्यपालिकाको निर्णय–

१. अर्थ मन्त्रालयवाट मस्यौदा भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त "असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी नमूना मापदण्ड, २०७६" लाई चन्द्रकोट गाउँपालिकाको Rapid Response Team (RRT) वाट मिति २०७६/१२/२० गतेको बैठकबाट पारित गरी मापदण्डमा उल्लेखित व्यवस्था प्रतिकुल नहुने गरी काम अगाडि बढाउने र अनुमोदनका लागि चन्द्रकोट गाउँ कार्यपालिकाको आगामी बैठकमा पेश गर्ने भनि निर्णय भएकोले सोही अनुसार अनुमोदन गरी लागू गर्ने।

२. चन्द्रकोट गाउँपालिका भित्र रहेका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई राहत वितरण गर्नका लागि वडागत रुपमा लाभग्राहीहरुको विवरण संकलन गर्नका लागि गाउँ कार्यपालिकाको बैठक संख्या ४१/०७६,मिति २०७६/१२/१७ गते निर्णय भएकोमा लाभग्राहीको संख्या आजको बैठकमा पेश हुन नसकेकोले पुन: २०७६/१२/२५ गते भित्र लाभग्राही विवरण गाउँपालिकामा पेश गर्ने र मिति २०७६/१२/२६ गते देखि राहत वितरण गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७९-४२०००४, ईमेल : chandrakotrmun@gmail.com, वेभसाइट : chandrakotmun.gov.np
"हरेक क्षेत्रमा सबैको कियाशीलता, सबल एवं सक्षम चन्द्रकोट भ्रष्टाचारमा शून्य सहनशीलता"

चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
५ नं. प्रदेश, नेपाल

प.सं. : ०७६/०७७
च.नं.: ८०८

३. चन्द्रकोट गाउँपालिकाको विपद व्यवस्थापन कोषमा कोरोना रोग रोकथाम, नियन्त्रण, उपचार तथा राहत वितरण गर्ने प्रयोजनका लागि देहायका जनप्रतिनिधि तथा कर्मचारीहरु (करार कर्मचारी समेत) बाट तपसिलमा उल्लिखत रकम जम्मा गर्ने तथा उक्त कोषमा रकम जम्मा गर्न चाहाने आम नागरिकहरुलाई समेत आहान गर्ने।

| क्र.सं. | पदाधिकारी | जम्मा गर्ने रकम रु | कैफियत |
|---|---|---|---|
| १. | अध्यक्ष | १५ दिन बराबरको सुविधा | |
| २. | उपाध्यक्ष | | |
| ३. | वडाध्यक्ष | | |
| ४. | कार्यपालिका सदस्य | | |
| ५. | गाउँ सभा सदस्य | | |
| ६. | अधिकृतस्तर कर्मचारी | ५ दिन बराबरको तलब | |
| ७. | सहायकस्तर कर्मचारी | ३ दिन बराबरको तलब | |

४. चन्द्रकोट गाउँपालिकामा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/१६ गतेको निर्णयानुसार देहायबमोजिम स्थानीय CCMC (CORONA CRISIS MANAGEMENT CENTER/ COMMITTEE) स्थापना तथा सञ्चालन गर्ने।

| CORONA CRISIS MANAGEMENT CENTER/COMMITTEE | |
|---|---|
| अध्यक्ष | संयोजक |
| उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वडाअध्यक्ष (८ जना) | सदस्य |
| कार्यपालिका सदस्य १ जना (कमल सुनार) | सदस्य |
| प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| सूचना प्रविधि अधिकृत | सदस्य |
| प्रमुख, भण्डार शाखा | सदस्य |
| प्र.ना.नि., चन्द्रकोट इलाका प्रहरी कार्यालय | सदस्य |

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७९-४२०००४, ईमेल: chandrakotrmun@gmail.com, वेभसाइट: chandrakotmun.gov.np

चन्द्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी

५ नं. प्रदेश, नेपाल

प.सं. : ०७६/०७७

च.नं. : ८०८

५. चन्द्रकोट गाउँपालिका भित्र स्थापना गरिएका दुई वटै क्वारेन्टिन क्रमश चन्द्रकोट क्याम्पस क्वारेन्टाइन, शान्तिपुर र मानका टिकाराम बहुमुखी क्याम्पस, मजुवामा खटिने स्वास्थ्यकर्मी लगायतका अन्य जनशक्तिहरुलाई प्रोत्साहन स्वरुप दैनिक रुपमा देहायबमोजिम सुविधा तोक्ने।

| क्र.सं. | सुविधा प्राप्त गर्ने पद | दैनिक सुविधा रकम |
|---|---|---|
| १. | मेडिकल अधिकृत/अधिकृतस्तर स्वास्थ्यकर्मी | १०००/- |
| २. | सहायकस्तर स्वास्थ्यकर्मी | ७००/- |
| ३. | सुरक्षाकर्मी (नेपाल प्रहरी) | ७००/- |
| ४. | भान्छे | ८००/- |
| ५. | सहयोगी कर्मचारी | ५००/- |

२०७६।१२।२२

(कृष्ण प्रसाद भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत